# बिपन्न नागरिक औषधी उपचार कोष
# निर्देशिका, २०७५

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं
२०७७

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

<u>बिपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५</u>

यो निर्देशिका २०७५।०८।१० नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मा. उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री स्तरीय निर्णयबाट लागू भएको हो ।

| संशोधन | स्वीकृत मिति |
|---|---|
| १. बिपन्न नागरिक औषधी उपचार कोष(पहिलो संशोधन) निर्देशिका, २०७६ | २०७६।०४।१२ |
| २. बिपन्न नागरिक औषधी उपचार कोष(दोस्रो संशोधन) निर्देशिका, २०७७ | २०७७।०५।१२ |

---

मुद्रण : स्वास्थ्य सेवा विभाग
नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा
सामाजिक स्वास्थ्य सुरक्षा शाखा
फोन नं : ०१-५३५१२४२, ५३६२६३ र ५३५११७३
ईमेलः socialhealth2075@gmail.com, nursing2075@gmail.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# बिपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को दफा १३ मा रहेको विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता उपलव्ध गराउन नेपाल सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत एक छुट्टै कोष स्थापना गर्न सक्ने उल्लेख भएको हुँदा कोष गठन तथा सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अस्पताल" भन्नाले यस निर्देशिकाको अनुसूची-१ मा उल्लेख भएका अस्पतालहरु सम्झनु पर्छ र सो शब्दले समय समयमा विशेषज्ञ चिकित्सक सहितको संयुक्त अनुगमन टोलीको सिफारिसमा मन्त्रालय (सचिवस्तर) को निर्णयबाट तोकेका अस्पताललाई समेत जनाउँछ ।

(ख) "आर्थिक प्रशासन शाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, आर्थिक प्रशासन शाखा भन्ने सम्झनु पर्छ र सो शब्दले मन्त्रालयको आर्थिक प्रशासन शाखालाई समेत जनाउँछ ।

(ग) "कडारोग" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी तथा सिकलसेल एनिमिया रोगहरु सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले विपन्न नागरिक औषधि उपचार कोष सम्झनु पर्छ ।

(ङ) "डायलाइसिस" भन्नाले मृगौलारोग लागेका बिरामीलाई अस्पतालबाट प्रदान गरिने हेमोडायलाइसिस वा पेरिटोनियल डायलाइसिस सम्झनु पर्छ र सो शब्दले सेरो पोजिटिभ(सङ्क्रमित) बिरामीको हकमा सुरक्षित रुपले डायलाइसिस गर्ने उपचार सेवालाई समेत जनाउँछ ।

°(च) "भुक्तानी व्यवस्थापन समिति" भन्नाले दफा ९.क को उपदफा(१) मा गठित भुक्तानी व्यवस्थापन समिति सम्झनु पर्छ ।

@(छ) ..................................................

(ज) "मन्त्रालय"भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(झ) "महाशाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा सम्झनु पर्छ ।

(ञ) "व्यवस्थापन समिति" भन्नाले दफा ९ को उपदफा (१) बमोजिमको विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट) "विपन्न बिरामी नागरिक" भन्नाले दफा ३ को उपदफा (४) बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरीब परिवार परिचयपत्र वाहक विपन्न बिरामी

** दोस्रो संशोधनद्वारा संशोधित ।

० दोस्रो संशोधनद्वारा थप ।

@ दोस्रो संशोधनद्वारा झिकिएको ।



नेपाल सरकार

नागरिक सम्झनु पर्छ ।

(ठ) "विभाग" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ ।

(ड) "शाखा" भन्नाले महाशाखा अन्तर्गतको सामाजिक स्वास्थ्य सुरक्षा शाखा सम्झनु पर्छ ।

(ढ) "शोधभर्ना रकम" भन्नाले अस्पतालहरुले उपचार सेवा प्रदान गर्दा लागेको रकम महाशाखा समक्ष शोधभर्नाको लागि मागेको रकम सम्झनु पर्छ ।

(ण) "स्थानिय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

(त) "सिफारिस समिति" भन्नाले दफा ३ को उपदफा (४) मा गठित सिफारिस समिति सम्झनु पर्छ ।

३. <u>विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने</u> : (१)आर्थिक रूपले विपन्न नागरिकले दफा २ को खण्ड (ग)मा उल्लेख भए बमोजिमका रोगको उपचार गराउँदा उपदफा (४) बमोजिम समितिको सिफारिसमा वा नेपाल सरकारले जारी गरेको गरिब परिचयपत्रको आधारमा बिरामीले अनुसूची- ४ बमोजिमको उपचार सहुलियत अस्पतालबाट प्राप्त गर्नेछ ।

(२) विपन्न नागरिकले औषधि उपचार सहुलियत प्राप्त गर्न स्थायी बसोबास रहेको स्थानीय तहमा अनुसूची-२ बमोजिम फाराम भरी सिफारिस लिनु पर्नेछ र उपदफा (४) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस बिरामीले मागेको बखत आवश्यक कागजात पूरा भएमा सम्बन्धित स्थानीय तहले तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

(४) आर्थिक रूपले विपन्न नागरिकलाई औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न स्थानीय तहमा देहायको सिफारिस समिति रहनेछ :-

(क) सम्बन्धित स्थानीय तहको अध्यक्ष/प्रमुख -संयोजक

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक -सदस्य-सचिव

(५) उपदफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपन्न नागरिकले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन सङ्कलन गर्ने,

(ख) तोकिएको समयभित्र अनुसूची-३ मा संलग्न बमोजिमको व्यहोरा खुलाइ निर्णय गर्नु पर्ने,

तर सम्बन्धित अस्पतालबाट उपचारका लागि सिफारिस गर्न कुनै पत्र आवश्यक छैन,

(ग) सिफारिस समितिबाट निर्णय गर्दा बिरामी वा बिरामीको नजिकको हकदारले सूचीकृत अस्पतालहरु मध्ये जुनसुकै माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउनु पर्ने,



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**(घ) उपचारका लागी सिफारिस गरी पठाईएका बिरामीहरुको विवरण विद्युतीय प्रविधीमा समेत अभिलेख राखी अनुसूची-१० र अनुसूची-११ बमोजिमको ढाँचामा विवरण भरी महाशाखामा अर्धबार्षिक रुपमा पठाउनु पर्ने,

(ङ) सिफारिस गर्दा एउटा रोगको विरामीका लागी एक मात्र अस्पतालमा दोहोरो नपर्ने गरि सिफारिश गर्नुपर्नेछ ।

४. <u>सेवा लिने प्रक्रिया</u>:(१) विपन्न बिरामी नागरिकले कडारोगको उपचार सहुलियत लिनका लागि अनुसूची-२ बमोजिमको ढाचाँमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयबाट °<u>बिपन्न नागरिक हो भनि</u> सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, चिकित्सकको प्रिस्किप्सन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन तथा आवश्यक कागजात प्राप्त भए पश्चात सम्बन्धित स्थानीय तहले दफा ३ को उपदफा (४) बमोजिमको समितिले सो उपर आवश्यक जाँचबुझ गरी °<u>निवेदकलाई निजको आर्थिक अवस्थालाई समेत हेरी</u> औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित अस्पतालमा सिफारिस गर्नु पर्नेछ ।

(४) गरिब परिवार परिचय पत्र भएका बिरामीहरुका लागी उपदफा (१) र (३) को विपन्नता सिफारिस आवश्यक पर्ने छैन । उक्त परिचयपत्रकै आधारमा सम्बन्धित अस्पतालबाट सहुलियत पाउनेछन् ।

(५) विपन्न नागरिक उपचार सेवा बापत सम्बन्धित बिरामीलाई नगदै भुक्तानी दिन पाईने छैन,

° तर मृगौला प्रत्यारोपण गर्ने बिरामीले प्रत्यारोपण पूर्व गरिने अङ्ग दाता र ग्रहणकर्ताको प्रयोगशाला परिक्षण र प्रत्यारोपण पश्चात औषधि सेवन वापतको सोधभर्ना भुक्तानी रकम बिल भरपाइको आधारमा तोकिएको सिमा भित्र रहि आर्थिक प्रशासन शाखाबाट रकम सोधभर्ना भुक्तानी हुनेछ ।

@(६) ..........................................

(७) विपन्न नागरिक औषधि उपचार सहुलियत नेपाली नागरिकले सूचिकृत अस्पतालबाट अनुसूचि- ४ मा तोकिएको रकम बराबरको उपचार सहुलियत पाउनेछन् ।

(८) थप उपचार सेवाका लागी प्रेषण भएका विरामीले सम्बन्धित अस्पतालको सिफारिसमा प्रेषण गरिएको अस्पतालमा उपचारको सुनिश्चितता भए पश्चात सिधै सम्पर्क राख्न सक्नेछन् ।

५. <u>अस्पतालको काम, कर्तव्य र अधिकार</u> : यस निर्देशिकामा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अस्पतालका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ३ को उपदफा(४) बमोजिम सिफारिस भई आएका विपन्न विरामीको अभिलेख अनलाइन

---

** दोस्रो संशोधनद्वारा संशोधित ।

o दोस्रो संशोधनद्वारा थप ।

@ दोस्रो संशोधनद्वारा झिकिएको ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विद्युतिय प्रविधिमा अनिवार्य रूपमा राखि अलग-अलग फाइल खडा गर्ने,

(ख) दोहोरो सिफारिस भई आएमा सेवा प्रवाह नगर्ने र सोको जानकारी **महाशाखालाई दिने,

(ग) खण्ड क बमोजिमका बिरामीलाई सम्बन्धित चिकित्सक समक्ष प्रेषण गर्ने व्यवस्था मिलाउने,

*(ग.१) मन्त्रालयबाट स्वीकृत स्तरीय उपचार प्रोटोकल (standard treatment protocol) बमोजिम सेवा प्रदान गर्ने।

(घ) तोकिएको सहुलियत रकम सम्मको परिधिमा रही बिरामीलाई चिकित्सकको सल्लाह बमोजिम आवश्यक पर्ने औषधि, औषधिजन्य सामाग्री, निदानात्मक सेवा, शल्यक्रिया, शैया आदि समेत अस्पतालले उपलब्ध गराउनु पर्नेछ ।

(ङ) विपन्न विरामी नागरिकलाई प्राप्त हुने सुविधा बापतको रकमको सर्वाधिक सदुपयोग हुने वातावरण अस्पताल आफैंले मिलाउनु पर्ने ।

*(ङ१) सुचीकृत हुने अस्पतालले अस्पताल फार्मेसी सेवा संचालन गरेको हुनुपर्ने र निर्देशिकामा सुचीकृत गरेका रोगहरुको लागी स्तरीय उपचार प्रोटोकल अनुसार आवश्यक औषधीहरु अस्पताल फार्मेसीमा उपलब्ध हुनुपर्ने ।

(च) विपन्न बिरामी नागरिकलाई प्राथमिकताक्रम अनुसार उपचारको व्यवस्था मिलाउनु पर्ने,

(छ) विपन्न विरामी नागरिकले औषधि उपचार सेवा लिइरहेको अस्पतालबाट अन्य विपन्न सेवा उपलव्ध हुने अस्पतालमा थप उपचारको लागि प्रेषण गर्नुपर्ने भएमा विरामीले पाउनु पर्ने बाँकी रकम बराबरको उपचार सुविधा पाउन सक्नेछन् । यसको लागि सम्बन्धित अस्पतालबाट उपचार सुविधा पाएको रकम, प्रेषण पुर्जा र दफा ३ को उप दफा(४) बमोजिमको समितिको सिफारिसको प्रतिलिपि समेत संलग्न गरी सम्बन्धित अस्पतालमा पठाई सो को जानकारी **महाशाखालाई दिने,

(ज) खण्ड (छ) बमोजिमको व्यहोरा अनलाइन प्रविधिबाट अनिवार्य अभिलेख गरि प्रेषण गर्नुपर्ने,

(झ) तोकिएको सहुलियत रकमभन्दा बढी रकम एक बिरामीको लागि खर्च नहुने गरी स्पष्ट अभिलेखको व्यवस्था मिलाउने,

(ञ) खण्ड (घ) वमोजिम औषधि उपलब्ध गराएको अभिलेख अनुसूची ५ र अनुसूची ६ बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतीय प्रविधि अनलाइन रेकर्ड तथा अनलाइन रिपोर्टिङ अनिबार्य राख्नु पर्नेछ । अनलाइन रिपोर्टिङ नगर्ने अस्पतालहरूको सम्झौता रद्द गर्न सकिनेछ ।

(ट) अस्पतालले चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटीमा सार्वजनिक गर्नुपर्ने,

(ठ) अस्पताल प्रमुखले 'विपन्न विरामी नागरिकको उपचारको सम्बन्धमा समय समयमा मन्त्रालय तथा महाशाखाले दिएको निर्देशन पालना गर्नु पर्ने,

(ड) अस्पतालले उपचार खर्चको सोधभर्ना माग गर्दा मासिक रुपमा अनुसूची-७, अनुसूची-८ र अनुसूची-९ बमोजिमको प्रतिवेदन फाराममा भरी महाशाखामा प्रत्येक महिनाको सात गतेभित्र अनिवार्य रुपमा पठाउनु पर्ने,

---

* पहिलो संशोधनद्वारा थप ।

** दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

(ढ) विरामी डिस्चार्ज हुँदा तोकिएको रकम मध्ये के कति रकम वरावर उपचार सेवा प्रदान गरिएको हो सो वारे विरामीलाई जानकारी दिई सोही अनुसार अनुसूची-५ र अनुसूची-६ बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतीय प्रविधिमा अनिवार्य रूपमा अद्यावधिक गर्नु पर्ने,

(ण) विपन्न विरामी नागरिक वा निजको कुरुवा, ड्युटी चिकित्सक वा नर्सलाई प्रत्येक विलमा दस्तखत गराई अस्पतालको बिरामी अभिलेख फाइलमा दुरुस्त राख्नुपर्ने,

(त) विरामी अस्पतालमा भर्ना भएकै अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिश माग गरेको र सिफारिस प्राप्त गर्न ढिला भएको अवस्थामा डिस्चार्ज हुने दिनसम्म सिफारिश ल्याएमा सम्बन्धित अस्पतालले सम्बन्धित विरामीलाई तोकिएको सहुलियत रकम वरावरको उपचार सेवा दिनु पर्ने र विरामीले सिफारिश माग गरेको जानकारी अस्पतालको सामाजिक स्वास्थ्य सुरक्षा इकाईलाई जानकारी दिनु पर्ने, तोकिए भन्दा वढी रकमको सोधभर्ना भुक्तानी हुने छैन ।

तर विरामीको उपचारका क्रममा मृत्यु भई दफा ३ को उपदफा (४)बमोजिमको सिफारिस नल्याएमा अस्पतालका निर्देशक, उपचारमा सम्लग्न प्रमुख चिकित्सक र सामाजिक स्वास्थ्य सुरक्षा इकाई प्रमुखले सिफारिस गरेमा विरामीको खर्च भएको रकम सम्बन्धित अस्पतालले सोधभर्ना माग गर्न सक्नेछ ।

(थ) अस्पतालको सामाजिक स्वास्थ्य सुरक्षा इकाईमा आवश्यक जनशक्ति र प्रविधिको व्यवस्था गर्ने गराउने जिम्मेवारी अस्पताल प्रमुखको हुनेछ,

(द) सामाजिक स्वास्थ्य सुरक्षा इकाइको साईन वोर्ड सवैले देख्ने गरी सम्वन्धित अस्पतालमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(ध) विभागबाट सोधभर्ना रकम प्राप्त हुन ढिला भएमा पनि सेवा अवरुध्द गर्न नपाइने,

**(न) अस्पताल दर्ता एवम् नविकरण नेपाल सरकारको प्रचलित ऐन, नियमावली, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७०, प्रदेश र स्थानीय सरकारले जारि गरेको नियमावली /निर्देशिका / मापदण्ड अनुरुप भएको हुनु पर्नेछ ।

(प) बिरामीको उपचार गर्ने अस्पतालमा उपचार हुन नसकी थप उपचारको लागि अर्को अस्पतालमा प्रेषण गर्नु पूर्व त्यस अस्पतालमा विरामीको उपचार हुने सम्बन्धमा यकीन गर्नुपर्ने,

(फ) विपन्न विरामीलाई अनुसूचि-१२ को ढाँचामा विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड उपलब्ध गराउनु पर्नेछ ।

(ब) एक्युट रेनल फेलियर भई छोटो अवधि डायलाइसिस गराउनुपर्ने विरामीको हकमा दफा ३ को उपदफा ४ बमोजिमको सिफारिश आवश्यक पर्ने छैन। अस्पताल प्रमुख वा निजले तोकेको व्यक्तिको स्वीकृतीमा निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ । यसरी उपचार गराएका विरामीहरुको अभिलेख तथा प्रतिवेदन दुरुस्त हुनुपर्नेछ । विरामी निको भई पुनः सेवा लिन आउन परेमा सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

**(भ) मृगौला प्रत्यारोपण पश्चात औषधि सेवन गर्ने विरामीहरुका लागी आवश्यक पर्ने औषधिको व्यवस्था सम्बन्धित अस्पतालले मिलाउनु पर्नेछ ।

** दोस्रो संशोधनद्वारा संशोधित



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

(म) विरामी थप उपचारका लागी अन्य सूचिकृत अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा सम्बन्धित अस्पतालले सोझै गर्न सक्नेछन् ।प्रेषण गरेको जानकारी शाखालाई सम्बन्धित अस्पतालले गर्नुपर्नेछ । विशेष कारण बाहेक विद्युतीय प्रविधि(अनलाइन) बाट अभिलेख नगरि गरिएको प्रेषण मान्य हुने छैन् ।

(य) विपन्न नागरिकलाई सुचिकृत अस्पतालबाट सेवा उपलब्ध गराइ सकेपछि सूचिकृत रोगको तोकिएको औषधि उपचारमा तोकिएको शोधभर्ना हुने रकम सकिए पनि उसलाई थप उपचार गर्नुपर्ने भएमा साविककै सहुलियत दररेटमा सेवा उपलब्ध गराउनु पर्नेछ

६. सम्पर्क केन्द्र स्थापना गर्नु पर्ने: (१) यस निर्देशिका वमोजिम विपन्न नागरिकलाई उपचार सेवा प्रदान गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्थापनको लागि अस्पतालले छुट्टै सम्पर्क केन्द्र स्थापना गर्नु पर्नेछ ।

(२)उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि सामाजिक सुरक्षा कार्यक्रम लागू भएका अस्पतालहरुका हकमा समन्वय गरि एउटै केन्द्रबाट सेवा प्रवाह गर्न सकिनेछ । सेवा अभिलेख अलग, अलग राख्नुपर्नेछ ।

७. महाशाखाको काम,कर्तव्य र अधिकार: यस निर्देशिकामा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारका अतिरिक्त महाशाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपन्न नागरिक औषधि उपचारको लागि आवश्यक पर्ने वार्षिक बजेट तथा योजना तयार गरीसम्बन्धित निकायमा पेश गर्ने,

(ख) मासिक रुपमा विपन्न नागरिक औषधि उपचार **भुक्तानी व्यवस्थापन समितिको बैठकको आयोजना गर्ने र उक्त बैठकमा यस कार्यक्रमको मासिक प्रतिवेदन पेश गरी निर्णय भए बमोजिमको रकम **आर्थिक प्रशासन शाखा मार्फत सम्बन्धित अस्पताललाई सोधभर्ना भूक्तानी गर्ने,

°(ख१) व्यवस्थापन समितिको बैठक बर्षमा ३ पटक आयोजना गर्ने ।

(ग) अस्पतालहरुको उपचार सेवालाई गुणस्तरीय बनाउन नियमित अनूगमन गर्ने, गराउने। साथै अस्पतालमा सञ्चालित अन्य निशुल्क स्वास्थ्य कार्यक्रमहरूको समेत एकिकृत अनुगमन गर्ने,

(घ) अस्पतालहरुबाट प्राप्त प्रतिवेदनहरुको विश्लेषण गरी सोधभर्ना माग रकम र विरामी सङ्ख्या स्पष्ट देखिने गरी विवरण राख्ने,

(ङ) अस्पतालहरुबाट प्राप्त प्रतिवेदन अस्पष्ट भएमा अस्पतालसँग सोधपुछ गर्ने एवम् अनूगमनको व्यवस्था समेत गरी प्रतिवेदनलाई स्पष्ट गर्न लगाउने,

(च) नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले विपन्न नागरिक औषधि उपचारको प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीमा समावेश गर्ने व्यवस्था मिलाउने,

(छ) विरामीको उपचार सेवाको गुणस्तरियता एवम् औचित्यताको आधारमा अस्पताललाई एकमुष्ठ वा पटक पटक गरि **सोधभर्ना रकम उपलब्ध गराउन सक्नेछ ।

(ज) यस निर्देशिका बमोजिमको कुनै विषयमा निर्णय गर्न कठीनाई भएमा व्यवस्थापन समितिमा लेखी पठाउने,

(झ) विपन्न नागरिक औषधि उपचार सम्बन्धी अन्य आवश्यक कार्य गर्ने,

---

** दोस्रो संशोधनद्वारा संशोधित ।

° दोस्रो संशोधनद्वारा थप ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(ञ) महाशाखा र सूचिकृत अस्पताल विच बार्षिक रूपमा अनुसूची १३ को ढाँचामा बार्षिक रूपमा सम्झौता गर्नु पर्नेछ ।

०(ट) विपन्न नागरिक औषधी उपचार कार्यक्रमलाई आवश्यक पर्ने थप बजेटको व्यवस्था मिलाउन मन्त्रालयलाई माग गर्ने ।

०(ठ) थप अस्पताल सुचिकरण गर्दा सो क्षेत्रमा सेवाको आवश्यक्ताको सुनिश्चितता भएपछि सुचिकरणको लागी मन्त्रालयमा सिफारिस गरिनेछ ।

८. दोहोरो सुविधा लिन नहुने:(१) यस निर्देशिका बमोजिम प्रदान हुने औषधी उपचार सेवा दफा ४ को उपदफा (७) बमोजिमको रकमको सीमा ननाघ्ने गरी एक रोगमा एक पटक वा पटक पटक गरी प्रदान गरिनेछ ।

(२) एक अस्पतालबाट कुनै एक रोगको औषधी उपचार सेवा प्राप्त गरिसकेको व्यक्तिले पुनः सोही रोगका लागि सोही अस्पताल वा अर्को अस्पतालबाट दोहोरो पर्ने सेवा प्राप्त गर्न सकिने छैन ।

(३) यस निर्देशिकामा अन्यत्र: जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक रोगको उपचारमा सहुलियत प्राप्त गरेको व्यक्तिले अर्को रोगको उपचार सहुलियत प्राप्त गर्न बाधा पर्ने छैन ।

९. व्यवस्थापन समिति: (१) यस निर्देशिका बमोजिम विपन्न बिरामी नागरिकलाई प्रदान गरिने औषधि उपचार सेवालाई गुणस्तरीय, व्यवस्थित एवम् पारदर्शी बनाउन आवश्यक निर्देशन, सिफारिस एवम् अस्पताल तथा विरामीको औषधि उपचार खर्च निर्धारण गर्न देहाय बमोजिमको एक विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-सदस्य

(घ) अध्यक्ष, नेपाल मेडिकल वोर्ड - सदस्य

(ङ) प्रमुख, नीति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-सदस्य

(च) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(छ) निर्देशक,नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा -सदस्य-सचिव

**(२) व्यवस्थापन समितिको बैठक **बर्षमा ३ पटक बस्नेछ ।

**(३) विपन्न बिरामी नागरिक औषधि उपचार कार्यक्रमलाई विस्तार गर्नका साथै प्रभावकारी एवम् गुणस्तरीय सेवाका लागि @........अनुगमन, निर्देशन, सिफारिस एवम् निर्णय गर्ने कार्य व्यवस्थापन समितिले गर्नेछ ।

(४) विपन्न बिरामी नागरिक औषधि तथा उपचार कार्यक्रमलाई आवश्यक पर्ने थप बजेटको व्यवस्था मन्त्रालयले मिलाउनु पर्नेछ।

(५) निर्देशिका अनुरुप विपन्न विरामी नागरिक औषधि उपचार कार्यक्रम कार्यान्वयनका क्रममा

० दोस्रो संशोधनद्वारा थप ।

** दोस्रो संशोधनद्वारा संशोधित ।

@ दोस्रो संशोधनद्वारा झिकिएको ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग

कुनै बाधा अड्चन आई परेमा व्यवस्थापन समितिले आवश्यक निर्णय गरी समाधान गर्न सक्नेछ ।

(६) यस निर्देशिका बमोजिम सेवा उपलब्ध नगराउने अस्पतालहरूलाइ सूचीबाट हटाउने कार्य विभागको सिफारिसमा निर्णय गर्न सक्नेछ ।

**(७) अस्पताल थप सूचिकरण गर्दा अस्पताल सञ्चालन स्वीकृती भएको तथा नविकरण अनिवार्य भएको हुनु पर्नेछ ।

०९.क **भुक्तानी व्यवस्थापन समितिः** १) यस निर्देशिका बमोजिम विपन्न बिरामी नागरिकलाई सेवा प्रदान गरिसके पछि अस्पताल बाट प्राप्त प्रतिवेदन विश्लेषण र रुजु गरी अस्पतालहरुलाई सोधभर्ना भुक्तानी सिफारिसका लागी देहाय बमोजिमको एक विपन्न नागरिक औषधि उपचार भुक्तानी व्यवस्थापन समिति रहनेछ :-

(क) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - अध्यक्ष

(ख) निर्देशक,नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा - सदस्य

(ग) प्रतिनिधि(उपसचिव स्तर), नीति योजना तथा अनुगमन महाशाखा - सदस्य

(घ) उप सचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय - सदस्य

(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा, स्वास्थ्य सेवा विभाग - सदस्य

(च) कानून अधिकृत, स्वास्थ्य सेवा विभाग - सदस्य

(छ) शाखा प्रमुख, सामाजिक स्वास्थ्य सुरक्षा शाखा - सदस्य-सचिव

२) भुक्तानी व्यवस्थापन समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

३) अस्पतालबाट पेश भएका प्रतिवेदन अध्ययन, विश्लेषण तथा रुजु गरी सोधभर्ना रकम भुक्तानीको व्यवस्थापन गर्नेछ ।

४) निर्देशिका अनुरुप विपन्न नागरिक औषधी उपचार कार्यक्रम कार्यन्वयनका क्रममा कुनै बाधा अड्चन आइपरेमा व्यवस्थापन समितिमा समाधानका लागी सिफारिस गर्ने ।

५) आवश्यक्ता अनुसार सुचिकृत सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा अनुगमन गर्ने ।

**१०. सेवा शुल्क सम्बन्धी व्यवस्था : अस्पतालले कडा रोगको उपचार वापत लगाउने सेवा शूल्क सम्बन्धमा स्वास्थ्य विमा बोर्डले निर्धारण गरेको दररेट शूल्क लागु हुनेछ । कुनै स्वास्थ्य संस्थाको सेवा शुल्क स्वास्थ्य बिमा बोर्डको दर रेट भन्दा कम भएमा सोहि अनुसार हुनेछ ।

११. जनशक्ति र बजेट व्यवस्थापन : (१) महाशाखा अन्तर्गत सामाजिक स्वास्थ्य सुरक्षा शाखाबाट विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन हुनेछ ।

(२) यस निर्देशिका बमोजिमका सम्पूर्ण काम कारबाही शाखाबाट सम्पादन हुनेछ र सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापन विभागले गर्नु पर्नेछ ।

**(३) बिपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालनका लागी विपन्न नागरिक औषधी उपचार शिर्षकमा विनियोजित वार्षिक बजेटको एक प्रतिशतको परिधि भित्र रही कार्यक्रम प्रस्ताव गरी विभागबाट स्वीकृती गराई कार्य सम्पादन गर्नु पर्नेछ ।

० दोस्रो संशोधनद्वारा थप ।

** दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

१२. अभिलेख तथा प्रतिवेदन :(१) विरामीको औषधि उपचार सम्बन्धी विवरण अनूसुची ५ र अनूसुची ६ बमोजिमको अभिलेख रजिष्ट्रर र सोही बमोजिमको विद्युतीय प्रविधि(सफ्टवेयर) मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ ।

(२) अस्पतालहरुले सेवा दिएका विरामीहरुको विवरण अभिलेख रजिष्टरबाट उतार गरि मासिक रुपमा अनूसुची-७, अनूसुची-८ र अनूसुची-९ बमोजिमको प्रतिवेदन तयार गरि प्रत्येक महिनाको ७ गते भित्र शाखामा पठाउनुपर्नेछ ।

°(३) उपचारका लागी सिफारिस गरी पठाईएका बिरामीहरुको विवरण विद्युतीय प्रविधीमा समेत अभिलेख राखी अनुसूची-१० र अनुसूची-११ बमोजिमको ढाँचामा विवरण भरी महाशाखामा अर्धबार्षिक रुपमा पठाउनु पर्ने ।

१३. निरिक्षण,अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था : ** (१)विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न मन्त्रालय र विभाग अन्तर्गतको सम्बन्धित महाशाखा र शाखाका प्रतिनिधिहरुको एक संयुक्त संयन्त्रले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ । यसको थप अनुगमन अर्थ मन्त्रालय र अरु निकाय बाट गर्न सक्नेछ ।

(२) विपन्न नागरिक औषधि उपचार कार्यक्रममा सूचिकृत हुनका लागि निवेदन पेश गर्ने अस्पतालको अनुगमन सम्बन्धित रोगको विशेषज्ञ सहित महाशाखामा कार्यरत प्रतिनिधिहरु सम्मिलित संयूक्त अनुगमन टोलीको सिफारिसका आधारमा मन्त्रालय (सचिवस्तर) को निर्णयबाट सूचिकृत गरिने छ ।

(३) विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने अस्पतालको नियमित अनुगमन गर्ने कार्य महाशाखा र आर्थिक प्रशासन शाखाको हुनेछ ।

१४. लेखापरीक्षण गराउनु पर्ने :- **(१) प्रचलित कानून वमोजिम लेखा परीक्षण गराउनु सम्वन्धित अस्पतालको कर्तव्य हुनेछ ।

(२) उप दफा (१) वमोजिमको लेखा परीक्षणको प्रतिवेदन निजी, गैह्रसरकारी अस्पतालले मार्ग मसान्तसम्म तथा सरकारी अस्पतालले चैत्र मसान्तसम्म महाशाखामा वुझाउनु पर्नेछ । यस्तो प्रतिवेदन यथासमयमा प्राप्त नभए प्रदान गरिएको उपचार सेवा वापतको रकम सोधभर्ना रोक्का गर्न सकिनेछ ।

(३)लेखा परिक्षण प्रतिवेदनमा विपन्न नागरिक औषधि उपचार वापत बिभागबाट प्राप्त भएको रकमको आम्दानी र खर्चको विवरण छुट्टाछुट्टै देखिएको हुनुपर्नेछ ।

१५. कारवाही हुने : (१) यस निर्देशिका विपरित कार्य गर्ने सम्बन्धित स्थानीय तहको सम्बन्धित पदाधिकारी वा कर्मचारी, अस्पताल, अस्पताल प्रमुख तथा सामाजिक स्वास्थ्य सुरक्षा इकाई प्रमुखलाई निजको सेवा शर्त सम्वन्धी प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(२) यस निर्देशिका विपरित कार्य गर्ने अस्पताललाई सोधभर्ना गर्नु पर्ने रकम रोक्का गरिनेछ। साथै मन्त्रालयले त्यस्ता अस्पताललाई सूचीबाट हटाउने र प्रचलित कानून वमोजिम कानूनी कारवाही चलाउन सक्नेछ ।

---

° दोस्रो संशोधनद्वारा थप ।

** दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

[०]१५ क. <u>अनुसूची संशोधन गर्ने अधिकार:</u> विभागले यस निर्देशिकाको अनुसूचीमा आवश्यक्ता अनुसार थपघट वा हेरफेर  गर्न सक्नेछ ।

१६. <u>खारेजी र बचाउ</u>: (१) विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,२०६९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको भए गरेका कार्यहरु यसै निर्देशिका वमाजिम भए गरेको मानिनेछ ।

---

० दोस्रो संशोधनद्वारा थप ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

**अनुसूची १

दफा २ को खण्ड (क) संग सम्बन्धित

विपन्न नागरिकहरुलाई औषधि उपचारका लागी सूचिकृत गरिएका अस्पतालहरु

| क.सं. | प्रदेशको नाम | संस्थाको नाम | रोग |
|---|---|---|---|
| १ | १ | ओमसाई पाथीभारा हस्पिटल प्रा.लि, भद्रपुर, झापा | डायलाइसिस |
| २ | | कोशी अस्पताल, विराटनगर, मोरङ | डायलाइसिस, क्यान्सर, पार्किन्सन्स र अल्जाईमर्स |
| ३ | | गोल्डेन अस्पताल प्रा .लि., विराटनगर, मोरङ | डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ४ | | न्यूरो कार्डियो मल्टीस्पेसियालिटि हस्पिटल, मोरङ, विराटनगर | हेड इन्जुरी,स्पाइनल इन्जुरी र मुटु रोग |
| ५ | | नेपाल स्वास्थ्य विकास तथा अनुसन्धान सहकारी लि., विराटनगर, मोरङ | डायलाइसिस |
| ६ | | नोबेल मेडिकल कलेज, शिक्षण अस्पताल, विराटनगर,मोरङ | मुटरोग, डायलाइसिस, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ७ | | मेचि अस्पताल, भद्रपुर, झापा | डायलाइसिस |
| ८ | | पुर्णटुङ विर्तासिटि अस्पताल, विर्तामोड, झापा | डायलाइसिस |
| ९ | | विराटनगर अस्पताल प्रा.लि, विराटनगर, मोरङ | डायलाइसिस, हेड ईन्जुरी, स्पाईनल ईन्जुरी, अल्जाईमर्स र पार्किन्सन्स |
| १० | | वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ११ | | वि एण्ड सि मेडिकल कलेज, शिक्षणअस्पताल, झापा | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| १२ | २ | गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज | डायलाइसिस |
| १३ | | जनकपुर प्रादेशिक अस्पताल, जनकपुर, धनुषा | डायलाइसिस |
| १४ | | जानकी हेल्थकेयर अस्पताल प्रा.लि, जनकपुर, धनुषा | डायलाइसिस |
| १५ | | विरगञ्ज हेल्थ केयर हस्पिटल | मुटु रोग ,हेड इन्जुरी र स्पाइनल इन्जुरी |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | |
|---|---|---|---|
| १६ | | नारायणी अस्पताल, विरगंज, पर्सा | डायलाइसिस |
| १७ | | नेशनल मेडिकल कलेज, विरगंज, पर्सा | डायलाइसिस |
| १८ | बागमती | अन्नपुर्ण न्युरोलोजिकल एण्ड अलाइड साइन्सेज, माइतिघर, काठमाडौं | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| १९ | | अल्का अस्पताल प्रा.लि., जावलाखेल, ललितपुर | डायलाइसिस |
| २० | | आरोग्य स्वास्थ्य प्रतिष्ठान, पुल्चोक, ललितपुर | डायलाइसिस |
| २१ | | आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. ( नेपाल मेडिसिटि) | हेड इन्जुरी र स्पाइनल इन्जुरी, पार्किन्सन्स, अल्जाइमर ,मुटु रोग, क्यान्सर |
| २२ | | उपेन्द्र देवकोटा मेमोरियल नेशनल ईन्स्टिच्युट अफ न्युरोलोजिकल एण्ड अलाईड साइन्सेज , बाँसबारी | हेड इन्जुरी, स्पाईनल इन्जुरी |
| २३ | | ओम हस्पिटल एण्ड रिसर्च सेन्टर, चावाहिल, काठमाडौं | डायलाइसिस र क्यान्सर |
| २४ | | क्यान्सर केयर नेपाल, जावलाखेल, ललितपुर | क्यान्सर |
| २५ | | कलेज अफ मेडिकल साइन्सेस, भरतपुर, चितवन | मुटुरोग, डायलाइसिस, अल्जाइमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| २६ | | काठमाण्डौं क्यान्सर सेन्टर, ताथली, भक्तपुर | क्यान्सर |
| २७ | | कान्तिवाल अस्पताल, महाराजगञ्ज, काठमाडौं | मुटु रोग, मृगौलारोग, क्यान्सर |
| २८ | | किष्ट मेडिकल कलेज, इमाडोल, ललितपुर | डायलाइसिस |
| २९ | | ग्राण्डि इन्टरनेशनल अस्पताल, धापासी, काठमाडौं | डायलाइसिस |
| ३० | | ग्रिनसिटी अस्पताल प्रा.लि, धापासी, काठमाडौं | डायलाइसिस |
| ३१ | | चितवन मेडिकल कलेज, शिक्षण अस्पताल, चितवन | मुटुरोग, डायलाइसिस, क्यान्सर, अल्जाइमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ३२ | | चि.वि.रा.प्र.वीर अस्पताल, महाबौध्द, काठमाण्डौं | मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | |
|---|---|---|---|
| ३३ | | चुरेहिल हस्पिटल प्रा.लि, हेटौडा | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ३४ | | धुलीखेल अस्पताल, काभ्रेपलाञ्चोक | हेड इन्जुरी , स्पाईनल इन्जुरी ,मुटु रोग, डायलाइसिस, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर |
| ३५ | | निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौ | क्यान्सर,सिकलसेल एनिमिया |
| ३६ | | नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. ललितपुर | क्यान्सर |
| ३७ | | नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज, काठमाण्डौं | हेड इन्जुरी,स्पाइनल इन्जुरी, मुटु रोग र डायलाइसिस |
| ३८ | | नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाण्डौं | डायलाइसिस |
| ३९ | | नेशनल डायलासिस सेन्टर, बसुन्धरा, काठमाडौ | डायलाइसिस |
| ४० | | नेशनल सिटी हस्पिटल, भरतपुर, चितवन | क्यान्सर |
| ४१ | | परोपकार प्रसूती तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौ | क्यान्सर |
| ४२ | | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन, ललितपुर | मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ४३ | | ब्लुक्रस हस्पिटल प्रा.लि, त्रिपुरेश्वर, काठमाण्डौं | डायलाइसिस |
| ४४ | | बयोदा हस्पिटल प्रा.लि., बल्खु काठमाडौ | मुटु र डायलाइसिस |
| ४५ | | भक्तपुर क्यान्सर अस्पताल, भक्तपूर | क्यान्सर |
| ४६ | | भरतपुर अस्पताल, भरतपुर, चितवन | हेड इन्जुरी, स्पाइनल इन्जुरी, मुटु रोग र डायलाइसिस |
| ४७ | | भरतपुर सेन्ट्रल हस्पिटल, चितवन | क्यान्सर |
| ४८ | | भेनस अस्पताल, मध्य वानेश्वर, काठमाण्डौं | डायलाइसिस |
| ४९ | | मनमोहन कार्डियो थोरासिक, भास्कूलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगंज, काठमाडौ | मुटु रोग, क्यान्सर |
| ५० | | मनमोहन मेडिकल कलेज एण्ड टिचिङ्ग | डायलाइसिस |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | |
|---|---|---|---|
| | | हस्पिटल , काठमाण्डौं | |
| ५१ | | राष्ट्रिय ट्रमा सेन्टर, महांकाल, काठमाण्डौ | हेड इन्जुरी, स्पाइनल इन्जुरी र क्यान्सर सल्यक्रिया |
| ५२ | | राष्ट्रिय मृगौला उपचार केन्द्र, वनस्थली, काठमाण्डौ | डायलाइसिस |
| ५३ | | वि.एण्ड.वि.अस्पताल, ग्वार्खो, ललितपुर | क्यान्सर र डायलाइसिस |
| ५४ | | वि.पी कोइराला मेमोरीयल क्यान्सर अस्पताल, भरतपूर, चितवन | क्यान्सर |
| ५५ | | विरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाडौ | डायलाइसिस |
| ५६ | | स्पाइनल इन्जुरी संघ, सांगा, काभ्रेपलाञ्चोक | स्पाइनल इन्जुरी |
| ५७ | | सुमेरु सामुदायीक अस्पताल, धापाखेल, ललितपुर | डायलाइसिस ,मृगौला उपचार मुटु पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ५८ | | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बांसवारी, काठमाडौ | मुटु रोग |
| ५९ | | शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र , भक्तपुर | मृगौला रोग र मुटु रोग |
| ६० | | हिमाल हस्पिटल प्रा.लि., बानेश्वर, काठमाण्डौ | डायलाइसिस |
| ६१ | | त्रि.वि.शिक्षण अस्पताल, महाराजगंज, काठमाण्डौ | मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ६२ | गण्डकी | गण्डकी मेडिकल कलेज, पोखरा, कास्की | डायलाइसिस, क्यान्सर, हेड ईन्जुरी र स्पाईनल ईन्जुरी |
| ६३ | | चरक मेमोरयल हस्पिटल प्रा.लि, पोखरा, कास्की | डायलाइसिस |
| ६४ | | धौलागिरी अस्पताल, बाग्लुङ | डायलाइसिस |
| ६५ | | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, कास्की | डायलाइसिस |
| ६६ | | मणिपाल शिक्षण अस्पताल, पोखरा, कास्की | मुटुरोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जूरी र डायलाइसिस |
| ६७ | | लेकसिटी हस्पिटल एण्ड क्रिटिकल केयर प्रा.लि, बगालेटोल, पोखरा | डायलाइसिस |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | |
|---|---|---|---|
| ६८ | ५ | कपिलबस्तु अस्पताल, कपिलबस्तु | सिकलसेल एनिमिया |
| ६९ | | क्रिमसन अस्पताल, मनिग्राम, रुपन्देही | मुटु रोग, डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ७० | | गौतमबुध्द सामुदायिक मुटु अस्पताल, बुटवल , रुपन्देही | मुटु रोग र डायलाइसिस |
| ७१ | | नवलपरासी अस्पताल, नवलपरासी | सिकलसेल एनिमिया |
| ७२ | | नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्ज, बांके | मुटुरोग, क्यान्सर, हेड इन्जुरी र स्पाइनल इन्जूरी, डायलाइसिस |
| ७३ | | बर्दिया अस्पताल, बर्दिया | सिकलसेल एनिमिया |
| ७४ | | भेरी अस्पताल, नेपालगञ्ज, बांके | सिकलसेल एनेमिया र डायलाइसिस, मुटु रोग र स्पाईनल ईन्जुरी |
| ७५ | | युनिभर्सल कलेज अफ मेडिकल साईन्सेस, भैरहवा, रुपन्देही | डायलाइसिस |
| ७६ | | राप्ती प्रादेशिक अस्पताल, तुलसीपुर, दाङ | डायलाइसिस |
| ७७ | | राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान, घोराही, दाङ | सिकलसेल एनिमिया, डायलाइसिस |
| ७८ | | लुम्बीनी प्रादेशिक अस्पताल, बुटवल , रुपन्देही | सिकलसेल एनेमिया र डायलाईसिस |
| ७९ | | सिध्दार्थनगर सिटी हस्पिटल प्रा.लि., बुटवल , रुपन्देही | डायलाइसिस |
| ८० | | सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा बाँके | क्यान्सर |
| ८१ | कर्णाली | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | क्यान्सर, डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जूरी |
| ८२ | | प्रदेश अस्पताल, सुर्खेत | डायलाइसिस |
| ८३ | सुदुर पश्चिम | घोडाघोडी हस्पिटल प्रा.लि,, सुख्खड, कैलाली | सिकलसेल एनिमिया |
| ८४ | | महाकाली अस्पताल, महेन्द्रनगर | सिकलसेल एनिमिया |
| ८५ | | सेती प्रादेशिक अस्पताल, धनगढी, कैलाली | सिकलसेल एनेमिया, डायलाइसिस |

** दोस्रो संशोधनद्वारा संशोधित।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूचि २

(दफा ४ उप दफा (१) संग सम्बन्धित)

## विपन्न नागरिक आवेदन तथा सिफारिस फाराम

श्रीमान् अध्यक्षज्यू,

.........................................

देहाय बमोजिम विवरण भरी विपन्न नागरिक औषधि उपचार सहुलियतका लागी अनुरोध गर्दछु।

| | | |
|---|---|---|
| १ | वैयत्तिकः<br>विरामीको नाम उमेर लिंगः<br>ठेगानाःस्थायी जिल्लाः पालिकाः वडा नं.<br>अस्थाई जिल्लाः पालिकाः वडा नं.<br>जातीगत विवरणः ब्राम्हण / क्षेत्री/ आदिवासी/ जनजाती / दलित / अल्पसंख्यक / अन्य<br>परिवार संख्या | |
| २ | आय स्रोतःपेशा र व्यवसायः<br>परम्परागत कृषिः<br>रोजगारी (स्वदेशी/ बिदेशी)<br>उद्यम / व्यवसायः<br>अनुमानित मासिक आयः | |
| ३ | जग्गा जमिन (क्षेत्रफल र स्थान समेत)<br>भौतिक संरचनाः (घर / टहरा आदिको संख्याः कच्चीः / पक्कीः )<br>सवारी साधनः<br>बैंक मौज्दातः<br>सुन चाँदीः<br>नगदः | |
| ४ | विरामीको रोगको किसिमःमुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमिया | |
| ५ | सम्लग्न कागजातहरुः(क) विरामीको नागरिकताको प्रतिलिपी (वालकको हकमा जन्म दर्ताको प्रतिलिपी ) (ख) रोग निदान भएको प्रेस्कीप्सन | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | |
|---|---|---|
| ६ | उपचार सहुलियतका लागी सिफारिश माग गरेको अस्पतालः | |
| ७ | उपर्युक्त बमोजिमको व्यहोरा साचो हो झुठा ठहरे सहुंला बुझाउला ।<br>निवेदकको नामः<br>ठेगानाः दस्तखतः<br>मितिः सम्पर्क नं. | |
| ८ | सिफारिसको व्यहोराः<br>सिफारिस गर्ने<br>नामः<br>पद<br>दर्जाः<br>मितिः<br>कार्यालयको छापः | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**अनुसूची ३

( दफा ३, उपदफा ५ खण्ड (ख) सँग सम्बन्धित)

स्थानिय तहले बिपन्न नागरिक औषधि उपचार सहुलियत प्रस गर्न अस्पताललाई सिफारिस गर्ने पत्रको ढाँचा

मितिः

श्री .................................. प्रतिष्ठान/अस्पताल/शिक्षण अस्पताल/सेन्टर,

........................................ ।

विषयः सिफारिस गरिएको सम्बन्धमा ।

उपर्युक्त बिषयमा "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५" को दफा ३ को उपदफा ४ बमोजिम गठित ......................... महानगर/ उपमहानगर/ नगर/ गाउँपालिकाको सिफारिस समितिको मिति ................. गते बसेको बैठकको निर्णयानुसार .............................. महानगर/ उपमहानगर/ नगर/ गाउँपालिका वडा नं. .........मा स्थायी बसोबास गर्ने उमेर........... वर्षको नागरिकता प्र.प.नं.(१६ बर्ष भन्दा कम उमेरको हकमा जन्म दर्ता नं) .................., लिङ्ग महिला/पुरुष/अन्य, सम्पर्क नं............................... भएको श्री .................................... आर्थिक रुपले बिपन्न भएको साथै चिकित्सकको पुर्जीको आधारमा नीजलाई .............................. रोग लागेकोले तहाँ प्रतिष्ठान/अस्पताल/शिक्षण अस्पताल/सेन्टरमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत पाउनुपर्ने औषधी उपचारको लागि सिफारिस सहित यस .......................... महानगर/उपमहानगर/नगर/गाउँपालिकामा गठित सिफारिस समितीको बैठकको बैठक नं .......... को निर्णयको छाँयाप्रति यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

...............................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, स्वास्थ्य सेवा विभाग, टेकु ।

---

** दोस्रो संशोधनद्वारा संशोधित।

## ° अनुसूची-३ संग सम्बन्धित माईन्युटको ढाँचा

आज मिति ............. साल ......... महिना ............ गते .................. का दिन .......................... महानगर/उपमहानगर/नगर/गाउँपालिका प्रमुख/अध्यक्ष श्री .................................. ज्यूको अध्यक्षतामा बसेको विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको बैठक तपशिल बमोजिमको पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

तपशिलः

१. श्री ................................................... प्रमुख/अध्यक्ष संयोजक

२. श्री ................................................... प्रमुख प्रशासकिय अधिकृत सदस्य

३. श्री ................................................... स्वास्थ्य संयोजक सदस्य सचिव

निर्णयहरुः

१. ............................ महानगर/उपमहानगर/नगर/गाउँपालिकामा स्थायी बसोबास गर्ने तपसिलका बिरामीहरूले तहाँ प्रतिष्ठान/अस्पताल/शिक्षण अस्पताल/सेन्टरमा उपचारको लागि सिफारिस गरि पाउँ भनि पेश गरेको निवेदन सम्बन्धित वडाको सिफारिस पत्र , अनुसूचि २ को फाराम अनुसार निजको परिवार आर्थिक रुपमा कमजोर भई विपन्न रहेको व्यहोरा अनुरोध छ । निजको उपचारको लागि विपन्न नागरिकले पाउने कडा रोग वापत विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका अनुसार उपचार गर्न सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | बिरामीको नाम | रोग | नागरिकता/जन्मदर्ता प्रमाण पत्र नं | वडा नं | सिफारिस गरिएको स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. प्राप्त अस्पतालको प्रेस्क्रिप्सन अनुसार निजलाई .......................... रोग लागेको र उपरोक्त स्वास्थ्य संस्थामा सिफारिस गरिएको जानकारी नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखालाई गराउने निर्णय गरियो ।

---

° दोस्रो संशोधनद्वारा थप ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूचि ४

(दफा ४ को उपदफा (७) संग सम्बन्धित)

कडा रोगहरूको उपचार सहुलियत विवरण

| क्र. सं. | रोग | सहुलियत विवरण | सहुलियत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मृगौला रोग | मृगौला प्रत्यारोपण | रू ४ लाख सम्म । | |
| | | अल्पकालिन रूपमा मृगौलाले काम नगरेको विरामीलाइ डायलायसिस वापत | रू १ लाख सम्म । | |
| | | Acute Glumerulo Nephritis, Nephrotic Syndrome का साथै दुवै मृगौला फेल भइ डायलाइसिस तथा प्रत्यारोपण गर्न नमिल्ने वा नपर्ने विरामीलाइ औषधि उपचार तथा प्रयोगशाला वापत | रू १ लाख सम्म । | |
| | | मृगौला प्रत्यारोपण पश्चात औषधि सेवन | रू १ लाख सम्म । | |
| | | अंग दाता र ग्रहणकर्ताको प्रयोगशाला (HLA TEST)शुल्क | रू ५० हजार सम्म । | |
| | | हेमोडायलाइसिस बढिमा हप्ताको दुइ सेसन र सोभन्दा बढि गर्नुपर्ने अवस्थामा चिकित्सकको कारण सहितको प्रिस्किप्सन अनिवार्य हुनु पर्नेछ । | प्रति सेसन रू २५०० | |
| | | सेरोपोजेटिभ(संक्रमित) भएका विरामीहरूलाइ डायलाइसिस उपचार सेवा वापत प्रति सेसन सोधभर्ना | रू ४००० | |
| | | पेरिटोनियल डायलाइसिस प्रति विरामी महिनाको अधिक्तम ९० प्याकेट सम्म । | तोकिए बमोजिम | |
| २ | मुटुरोग | १.विभिन्न प्रकारका मुटुरोग जस्तैः महाधमनिको शल्य क्रिया गर्नुपर्ने विरामी<br>२.मुटुमा पेश मेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेशन गर्नुपरेमा, मुटुको भल्व पूर्णरूपमा क्षति भएको या मुटु फेल भएको उपचारका लागि | रू १ लाख रूपैंया सम्म । | |
| ३ | क्यान्सर | विभिन्न प्रकारका क्यान्सर रोग, ती सम्बन्धि शल्यक्रिया, थप निदानात्मक सेवा, | रू १ लाख सम्म । | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | | केमोथेरापि, रेडियोथेरापि, औषधी, औषधिजन्य सामाग्री, शैंया तथा सेवा शुल्कहरू | | |
| ४ | पार्किन्सन्स | पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामाग्री, शैंया तथा सेवा शुल्कहरू | रू १ लाख सम्म । | |
| ५ | अल्जाइमर | अल्जाइमर रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामाग्री, शैंया तथा सेवा शुल्कहरू | रू १ लाख सम्म । | |
| ६ | स्पाइनल इन्जुरी | दुर्घटनाजन्य र चोटपटकजन्य विरामीहरूलाइ शल्य क्रिया, औषधि तथा औषधिजन्य सामाग्रिहरू, थप निदानात्मक सेवा, शैंया सेवा शुल्क, स्पाइनल इन्जुरी भइ पारालाइसिस भएका विरामीहरूलाइ पुनर्स्थापना सेवाका लागि | रू १ लाख सम्म । | |
| ७ | हेड इन्जुरी | दुर्घटनाजन्य र चोटपटकजन्य विरामीहरूलाइ शल्य क्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरू, थप निदानात्मक सेवा, शैंया सेवा तथा पुनर्स्थापना सेवा का लागि समेत | रू १ लाख सम्म । | |
| ८ | सिकलसेल एनिमिया | सिकलसेल एनिमिया रोग लागेका विरामीहरूलाइ शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रि, थप निदानात्मक सेवा, शैया सेवा शुल्क आदि | रू १ लाख सम्म । | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

अनुसूची ५

दफा ५ को खण्ड (ञ) संग सम्बन्धित

(मुटुरोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स, अल्जाइमर, र सिकलसेल एनिमिया मात्र)

अस्पतालको नामः फोटो

विरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो

नागरिकता नं./जन्मदर्ता नं.(बालकको लागी):

बुवाको नामः आमाको नामः रोगको किसिमः

ठेगानाः जिल्लाः पालिकाः वडा नं. टोलको नामः

सम्पर्क फोन नं.:

उपचारमा आएको मितिः विपन्न दर्तानंः

| क्र. स. | विरामी उपचार तथा फलोअपमा आएको मिति | | | उपचार सेवा तथा उपचार खर्च सम्बन्धी विवरण | | | | विरामीले निःशुल्क उपचार सुविधा पाउने अधिकतम रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पि.डी | निदान | शैया | शल्य क्रिया | औषधि | उपचारमा खर्च भएको जम्मा रकम | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोटः विपन्नको सिफारिस पत्र, चिकित्सकको पुर्जा, खर्चको बिल, भपाई आदि सम्लग्न गरी अनिवार्य रुपमा छुट्टाछुट्टै फाइलिङ गर्नु पर्नेछ र कैफियत महलमा मृत्यु, प्रेषण भएमा सो उल्लेख गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची ६

दफा ५ को खण्ड (ञ) संग सम्बन्धित

(मृगौला प्रत्यारोपण, डायलाइसिस, मृगौला उपचार सेवासँग सम्बन्धित)

अस्पतालको नामः फोटोः

विरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो

नागरिकता नं./जन्म दर्ता नं.(नाबालकको लागी):

बुवाको नामः आमाको नामः रोगको किसिमः

ठेगानाः जिल्लाः पालिकाः वडा नं.

टोलको नामः सम्पर्क फोन नं.:

उपचारमा आएको मितिः विपन्न दर्ता नं. :

| साल र महिना | उपचारको किसिम (हेमोडायलासिस/पेरिटोनियल डायलासिस/ मृगौला प्रत्यारोपण/ मृगौला उपचार) | डायलाइसिस पटक(सेसन) (सेवा दिएको दिनमा गते लेख्ने) | | | | | | | | | | | | | | यस महिनाको जम्मा सेसन संख्या (पटक) | हाल सम्म लिएको जम्मा सेसन (पटक) | यस महिनाको खर्च रकम | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

अनुसूची ७

दफा ५ को खण्ड (ड) संग सम्बन्धित

विपन्न नागरिकलाई कडारोग उपचार सेवाको प्रतिवेदन फाराम

सम्वन्धित अस्पतालः

मितिः

आर्थिक वर्षः

२०७.. साल ........महिनाको मासिक प्रतिवेदन।

| सि.नं. | पालिकाको नाम | मुटु | क्यान्सर | मृगौला | | | | पार्किन्सन्स | अल्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकलसेल एनिमिया | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रत्यारोपण | हेमोडायलासिस | सि.ए.पि.डि | औषधि उपचार | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा नयाँ विरामी संख्या | | | | | | | | | | | | | |
| यस महिनामा उपचार गरिएका पुराना विरामीको संख्या | | | | | | | | | | | | | |
| प्रेषण गरिएका विरामी संख्या | | | | | | | | | | | | | |

तयार गर्ने | सदर गर्ने
नामः | नामः
पदः | पदः
दस्तखतः | दस्तखतः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची ८

दफा ५ को खण्ड (ङ) संग सम्बन्धित

विपन्न नागरिकलाई कडारोग सम्वन्धि उपचार सेवाको प्रतिवेदन फाराम

(मुटुरोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स, अल्जाइमर्स, र सिकलसेल एनिमिया मात्र)

अस्पतालः मितिः

आर्थिक वर्षः२०७.. साल ................महिनाको प्रतिवेदन।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">जिल्ला</th><th colspan="2">दर्ता नं..</th><th rowspan="2">विरामीको नाम</th><th colspan="3">उमेर</th><th rowspan="2">नागरिकता नं.</th><th rowspan="2">रोगको किसिम</th><th rowspan="2">खर्च रकम</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>नंया</th><th>पुराना</th><th>महिला</th><th>पुरूष</th><th>तेश्रोलिंङ्गी</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

तयार गर्ने<br>
नामः<br>
पदः<br>
दस्तखतः

सदर गर्ने<br>
नामः<br>
पदः<br>
दस्तखतः

नेपाल सरकार<br>
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>
स्वास्थ्य सेवा विभाग<br>
टेकु, काठमाडौं

अनुसूची-९

दफा ५ को खण्ड (ड) संग सम्बन्धित

विपन्न नागरिकलाई मृगौलारोग सम्वन्धि हेमोडायलाइसिस, पेरिटोनियल डायलाइसिस, मृगौला प्रत्यारोपण तथा मृगौला रोग उपचार सेवाको प्रतिवेदन फारम

अस्पतालः मितिः

आर्थिक वर्षः२०७.. साल ..........महिनाको मासिक प्रतिवेदन।

| सि. नं | जिल्ला | उपचार सुरु गरेको मिति | विरामीको नाम | उमेर | | | सेवाको विवरण | डायलासिस सेसन संख्या | प्रति सेसन, खर्च रकम | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु | तेश्रो लिंङ्गी | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने सदर गर्न

नामः नामः

पदः पदः

दस्तखतः दस्तखतः



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची-१०

दफा ३ उप दफा (५.घ) संग सम्बन्धित

विपन्न नागरिकलाई कडारोग उपचारका लागि सिफारिस गरिएको प्रतिवेदन फाराम

मितिः

स्थानीय तहको नामः

वार्षिक प्रतिवेदन

आर्थिक वर्षः

| क्र.सं. | सिफारिस गरिएको अस्पताल | सिफारिस गरिएको संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुटु | क्यान्सर | मृगौला | पार्किन्सस | अन्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकलसेल एनिमिया | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

तयार गर्नेः

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची-११

दफा ३ उप दफा (५.घ) संग सम्बन्धित

विपन्न नागरिकलाई कडारोग उपचारका लागि सिफारिस गरिएको प्रतिवेदन फाराम

स्थानिय तहः मितिः

आर्थिकवर्षः २०७.. साल ..........महिनाको प्रतिवेदन

| क्र. सं. | विरामीको नाम | उमेर | | | नागरिकताप्र.प.नं./ जन्मदर्ता नं. | ठेगाना | सिफारिस गरिएको अस्पताल | रोगको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेश्रो लिङ्गी | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने
नामः
पदः
दस्तखतः

सदर गर्ने
नामः
पदः
दस्तखतः

अनुसूची-१२

दफा ५ खण्ड (फ) संग सम्बन्धित

<u>विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड</u>

| विरामिको फोटो |
|---|

<u>अस्पतालको नामः</u>

दर्ता नं.

विरामीको नामः

उमेरः लिंगः

ठेगानाः

जन्म मितिः

रोगको किसिमः

नागरिकतानं./जन्मदर्तानं.

सम्पर्क नं.

............................ ......................

विरामीको दस्तखत प्रमाणित गर्नेको दस्तखत

मितिः मितिः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

अनुसूची-१३

दफा ६ खण्ड (ज) संग सम्बन्धित

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, टेकु, काठमाण्डौं र ................................बिच भएको सम्झौता पत्र।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, टेकु, काठमाडौ (यस पछि प्रथम पक्ष भनिएको) ले विपन्न नागरिकहरूलाइ सुचिकृत भएका विभिन्न अस्पतालहरू मार्फत सेवा पुर्याउदै आएको छ। विपन्न नागरिक औषधि उपचार कोष(दोस्रो संशोधन) निर्देशिका, २०७७ अनुरूप विपन्न नागरिकहरूको औषधि उपचार कार्यक्रम अन्तर्गत .......................................रोगका विरामीहरूलाइ नेपाल सरकारले प्रदान गरेको सहुलितय उपलब्ध गराउन यस ........................................................... (यसपछि द्वितीय पक्ष भनिएको) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सूचिकृत भएको हुँदा देहाय बमोजिम शर्तहरूको अधिनमा रहि सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीहरूको तर्फबाट संयुक्त दस्तखत गरी यो सम्झौता गरिएको छ।

<u>सम्झौताका शर्तहरू</u>

१. द्वितीय पक्षले स्थानीय तहमा गठन भएको विपन्न नागरिक औषधि उपचार सिफारिस समितिबाट सिफारिश भइ आएका विरामीहरूको उपचार सेवा विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को परिधि भित्र रहि विरामीहरूलाइ निःशुल्क उपचार सेवा दिनु पर्नेछ।

२. द्वितीय पक्षले चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएका कडारोगको उपचारमा प्रयोग हुने अनुसूची-४ मा उल्लेख भए बमोजिमको सेवा निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेछ।

३. विरामीको सहुलितय रकम सकिए पछि पनि विपन्न विरामीको थप उपचार रकम तिरेर गर्नुपरेमा सोही शुल्कनै लगाउनु पर्नेछ।

४. द्वितीय पक्षले कडारोगको उपचार गरे बापत अनुसूचि ४ मा उल्लेख भए बमोजिम उपचार सहुलियत विवरणको सिमा भित्र रहि विरामीहरूलाइ उपचार सहुलियत उपलब्ध गराउनु पर्नेछ । सोही बमोजिम प्रथम पक्ष समक्ष निर्देशिकामा फारम साथै अनलाईनमा समेत प्रविष्ट गरी सोधभर्ना भुक्तानी माग गर्नुपर्नेछ ।

५. उपचार सेवा शुल्क दररेट स्वास्थ्य बिमा बोर्डको शुल्क बमोजिम लागू गर्नुपर्नेछ ।

६. द्वितीय पक्षले उपचार खर्च विवरण तोकिएको ढांचामा प्रत्येक महिनाको ७ गते भित्र प्रथम पक्ष समक्ष आइपुग्ने गरि पठाउनु पर्नेछ।

७. द्वितीय पक्षले उपचार विवरणको अभिलेख प्रतिवेदन अनलाइनबाट अनिवार्य दुरूस्त राख्नुपर्नेछ। अनलाइन अभिलेख प्रतिवेदन नगरेमा प्रथम पक्ष भुक्तानि दिन बाध्य हुने छैन्।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

८. द्वितीय पक्षले विरामी प्रेषणगर्दा विरामीको उपचार सुनिश्चिता भइसकेपछि सिधै उपचार गर्ने अस्पतालमा गर्नुपर्नेछ। विरामीको उपचार विवरण सहितको अनलाइन प्रेषण अनिवार्य गर्नुपर्नेछ।

९. निर्देशिका अनुरूप तोकिएको प्रकृया पुरा नगरि अएका विरामीको उपचार द्वितीय पक्षले गरेमा सो वापतको सोधभर्ना भुक्तानि गर्न प्रथम पक्ष बाध्य हुने छैन।

१०. प्रथम पक्षले उपचार खर्चको सोधभर्ना रकम कुनै कारण बश भुक्तानि गर्न ढिलाइ भएमा द्वितीय पक्षले उपचार सेवा रोक्न पाइने छैन्।

११ यस सम्बन्धि कुनै समस्या परेमा दुवै पक्ष बसि निर्देशिका बमोजिम समाधान गरिनेछ।

११. यो सम्झौताको म्याद .............. गते देखी ................. गते सम्मका लागि मात्र हुनेछ।

१३. अन्य.................................

<u>सम्झौताका पक्षधरहरू</u>

| द्वितीय पक्षका तर्फबाट अख्तियार प्राप्त अधिकारीको | प्रथम पक्षका तर्फबाट अख्तियार प्राप्त अधिकारीको |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| दर्जाः | दर्जाः |
| मितिः | मितिः |
| छाप | छाप |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं